**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 27 February, 2025

Review: 1 March -10 March 2025

Revision: 13 March -18 March 2025

Accept: 20 March 2025

Published: 10 April 2025

DOI: https://doi.org/10.3126/ps.v23i1.77519

Available: https://www.nepjol.info/index.php/ps

# विश्वव्यापी स्थानीय तहको संरचना, आयस्रोतहरू र नेपालको सन्दर्भ

सुदर्शन सिलवाल, विद्यावारिधि
सहप्राध्यापक, अर्थशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय
Email: s.silwal11@yahoo.com
ORCID iD: https://orcid.org/0009-0000-4181-6522

**लेखसार**

प्रस्तुत लेखको मुख्य उद्देश्य विश्वमा स्थानीय तहअन्तर्गत नगरपालिकाहरूको संरचना एवम् स्वरूप र यिनीहरूका आम्दानीका मुख्य स्रोतहरू केके हुन् भन्ने कुराको खोजी गर्नमा केन्द्रित रहेको छ। उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा अध्ययनको शीर्षक चयन गरी सम्पन्न गरिएको यस अध्ययनमा मूलतः द्वितीयक स्रोतका सामग्रीको प्रयोग गरिएको छ । विश्वव्यापी रूपमा नगरपालिकाको आकारप्रकार, स्वरूप-संरचना एवम् भूमिका देशअनुकूल फरकफरक हुने भएको र एउटै देशभित्रका विभिन्न राज्यहरूमा पनि यसको भूमिका एवम् स्वरूप-संरचनामा विविधता भएको तथ्यलाई अध्ययनले स्पष्ट पारेको छ । केन्द्र सरकार, प्रदेश सरकार, क्षेत्र सरकार वा राज्य सरकार र स्थानीय तह वा नगरपालिकाहरूको आयस्रोतमा पनि एकरूपता नदेखिएको कुरा पनि यस अध्ययनले स्पष्ट देखाएको छ। तापनि आय कर, सम्पति कर, व्यवसाय कर तथा अन्य सेवा शुल्क नै नगरपालिकाका आयका मुख्य स्रोतहरू भएको अध्ययनको निष्कर्ष छ। यो अध्ययन आगामी दिनमा यस विषयमा अध्ययन गर्न इच्छुक सबैका लागि उपयोगी हुने देखिन्छ ।

*शब्दकुञ्जी* : आय स्रोत, कर, नगरपालिकाको संरचना, सेवा शुल्क, स्थानीय तह

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

**विषयप्रवेश**

विश्वमा मानवको विकासक्रमसँगै मानव समुदायको आवश्यकतालाई परिपूर्ति गर्ने हिसाबबाट स्थानीय सरकार वा नगरपालिकाको अवधारणाको सुरुआत भएको हो । यसो भए तापनि स्थानीय तहमा यसको संरचना, आकार, प्रकार, स्वरूप एवम् भूमिका देशअनुकूल फरकफरक भएको र एउटै देशभित्रका विभिन्न राज्यहरूमा पनि यसको भूमिका एवम् स्वरूप र संरचनामा विविधता देखिएको छ । त्यसैगरी विकसित एवम् विकासोन्मुख  एकात्मक एवम् संघात्मक देशहरूमा पनि स्थानीय सरकार, यसको स्वरूप एवम् यसले खेल्ने भूमिकामा एकरूपता देखिँदैन । यिनीहरूका आयका स्रोतहरू विविध प्रकृतिका रहेका छन् । आयका स्रोतहरूमा धेरै भिन्नता नरहे तापनि करका दर, करका आधार र कर सङ्कनलका विधि र प्रक्रियामा भने एकरूपता देखिँदैन ।

विश्वमा स्थानीय तहहरू राजस्वका विविध स्रोतहरूमा निर्भर रहेको पाइन्छ । राजस्वको संरचना सबै देशहरूमा एकै प्रकृतिको पनि देखिँदैन (नल्लाथिगा, २०१२) । स्थानीय तहहरूको आम्दानीका प्राथमिक स्रोतहरूमा सम्पत्ति कर, राज्य सहायता रकम, प्रयोगकर्ता शुल्क, बिक्री कर र अन्तरसरकारी स्थानान्तरणहरू पर्दछन् (बार्टले एट अल., २०११; बेन्टन, २०२४) । यी स्रोतहरूमध्येमा प्रयोग शुल्कबाट प्राप्त आयमा वृद्धि भएको छ भने सम्पति करको निर्भरतामा गिरावट आएको पाइन्छ (बार्टले एट अल., २०११) । राजस्वका अन्य स्रोतहरूको अवस्था जेजस्तो भए तापनि प्रयोग शुल्कलाई राजस्वको सबैभन्दा बढी आशाजनक स्रोतका रूपमा लिइएको छ (बेन्टन, २०२४) । राजस्व उत्पादन, ऋणको व्यवस्थापन, खर्चको सदुपयोग र अन्तरसरकारी हस्तान्तरणलगायतका पक्षहरूमा संस्थागत व्यवस्था गरिदै आएको पाइन्छ ।

नेपालमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरी संविधानसभाबाट नेपालको संविधान २०७२ पारित गरी जारी भएको छ । यही संविधानको मर्म र सिद्धान्तलाई कार्यान्वयन गर्न र २०६३ सालको जनआन्दोलनको उपज, नेपालको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपाल राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको व्यवस्था गरिएको छ । राज्य शक्तिको प्रयोग उक्त तीनओटै तहबाट एकल तथा सहकार्यात्मक ढङ्गले हुने गरी संविधानका अनुसूचीहरू (५,६,७, ८ र ९) मा विभिन्न तहका अधिकारहरू बाँडफाँड गरिएको छ (नेपाल सरकार, २०७२) । यसरी स्थानीय तहहरुलाई आत्मनिर्भर बनाउन खोजिएको छ ।

स्थानीय विकासका कदमलाई स्थानीयकरण गर्दै तीव्र रूपमा अघि बढाएमा मात्र समग्र देश विकासमा क्षेत्रमा प्रभावकारी नतिजा प्राप्त हुन सक्दछ । यसै तथ्यलाई ध्यानमा राखेर संविधानले सहभागितामूलक विकासशैली अवलम्बन गर्ने नीति लिएको छ । संविधानले समता र सामाजिक न्यायमा आधारित सन्तुलित र दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन, आदिबासी जनजाति, दलित सीमान्तकृत, उत्पीडित वर्ग एवम् समुदायको क्षमता विकास र सशक्तीकरण गर्नका लागि आवश्यक आयोजना तथा परियोजना बनाउन स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ (जधारी, वैशाख ८, २०७४) । साथै सिंह दरबारमा मात्र सिमित अधिकारहरुलाई जनताको नजिक लैजाने प्रयत्न गरिएको छ ।

यसरी विश्वमा विविध प्रकृतिका स्थानीय तहहरू रहेका छन् । देश र राज्यअनुकूल स्थानीय तहको स्वरूप र स्रोतहरूमा भिन्नता देखिएको छ । नेपालको सन्दर्भमा हेर्दा विगत् केही समय अगाडिसम्म एकात्मक व्यवस्था अँगालेको एक अति कम विकसित राष्ट्को रूपमा विश्वमा चिनिएको भए तापनि दोस्रो ऐतिहासिक जनआन्दोलन २०६२।०६३ बाट प्राप्त उपलब्धिहरूलाई केलाउँदा नेपाल नयाँ नेपालमा परिणत भएको छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । कुल ७५३ ओटा स्थानीय तहहरू निर्माण गरिएका छन् । स्थानीय तहहरू निर्माण गर्दा जनसङ्ख्या, आयस्रोत र आधारभूत भौतिक पूर्वाधार विकास आदिलाई मुख्य आधार बनाइएको छ । यसरी संघीयता राज्यको पुर्नसंरचनाको एक महत्त्वपूर्ण पक्ष र शासन प्रणालीको रूपमा रहेको छ । एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा प्रवेश गर्दा स्थानीय तहमा केकस्ता आयका स्रोत र संरचना छन् भन्ने विषयमा व्यापक अन्यौल भएका कारण छलफल हुनुपर्ने भएकाले प्रस्तुत लेखलाई विश्वका विकसित एवम् विकासोन्मुख संघात्मक तथा एकात्मक व्यवस्था भएका मुलुकहरूमा स्थानीय तहअन्तर्गत नगरपालिकाहरूको स्वरूप केकस्तो रहेको छ र यिनीहरूका आयका मुख्य स्रोतहरू केकस्ता रहेका छन् भन्ने कुराको खोजी गर्नमा यो लेख केन्द्रित रहेको छ ।

## अध्ययन विधि र प्रक्रियाहरू

प्रस्तुत लेखको मुख्य उद्देश्य विश्वमा नगरपालिकाको स्वरूप र यसका आयका स्रोतहरूको खोजी गर्नु रहेको छ । उद्देश्यमूलक नमुना छनौट विधिका आधारमा अध्ययनको शीर्षक चयन गरी अध्ययन कार्य गरिएको छ । यो लेखका लागि मूलतः द्वितीयक स्रोतका अध्ययन सामग्रीहरू उपयोगमा ल्याइएको छ । यसअन्तर्गत विभिन्न पुस्तकहरू, जर्नलहरू, व्यक्तिगत प्रकाशनहरू, अभिलेख, पत्रपत्रिकामा प्रकाशित तथा अप्रकाशित लेखरचनाहरू पर्दछन् । यी विविध सामग्रीबाट प्राप्त हुन आएका सूचना एवम् जानकारीहरूलाई विश्लेषणात्मक विधिको माध्यमबाट समीक्षा गरी यो लेख तयार गरिएको छ ।

## नतिजा र विश्लेषण

विश्वमा स्थानीय सरकारहरूको संरचना एकै प्रकृतिको देखिँदैन । यिनको संरचना नगरपालिका, महानगरपालिका, उपमहानगरपालिका, काउन्टी, टाउनसिप, विशेष जिल्ला र स्कुल जिल्लाहरूका रूपमा रहेको देखिन्छ । नगरपालिकाहरू पनि ठूला र सानामा वर्गीकरण गरिएको छ । कतै दुई तहका स्थानीय निकायहरू रहेका छन् भने कतै तीन तह वा सोभन्दा बढी प्रकृतिका स्थानीय निकायहरू पनि रहेका देखिन्छन् । प्रायः सबै मुलुकहरूमा संवैधानिक रूपमा नै स्थानीय तहको व्यवस्थापन गरिएको छ । यसैगरी राजस्व संरचनामा पनि एकरूपता भएको देखिँदैन (नल्लाथिगा, २०१२) । राजस्वका विविध प्रकृतिका स्रोतहरू भए तापनि प्रयोग शुल्कलाई उपलब्धिमूलक स्रोतका रूपमा लिइएको देखिन्छ (बेन्टन, २०२४) । यस लेखमा स्थानीय तहहरूको संरचना वा स्वरूप र यिनीहरूको आयका मूल स्रोतहरूको खोजी गरिएको छ ।

### विश्वव्यापी स्थानीय तहको संरचना

विकसित संघात्मक देश अमेरिकामा संवैधानिक रूपमा केन्द्र (Centre) र राज्य (State) मात्र रहेका छन् । तापनि व्यावहारिक रूपमा काउन्टी, ठूला नगरपालिका, साना नगरपालिका, विद्यालय जिल्ला (School District) र विशेष जिल्ला आदि रहेका देखिन्छन् । विकसित संघात्मक देश स्पेनमा नगरपालिका, प्रान्त र स्वायत्त प्रदेश गरी ३ ओटा स्थानीय तहहरू रहेका छन् । स्विटजरल्यान्डमा केन्द्र, क्यान्टन (२६) र नगरपालिका (३०००) गरी सरकारका ३ तह रहेका छन् । विकसित एकात्मक देशहरूको अवस्था पनि सबैमा एकै प्रकारको छैन । डेनमार्कमा नगरपालिका र काउन्टी गरी दुई किसिमका स्थानीय सरकार रहेका छन् । स्विडेनमा काउन्टी र नगरपालिका गरी स्थानीय सरकारका २ ओटा तह रहेका छन् । डेनमार्क र स्विडेनजस्ता मुलुकहरूमा नागरिकहरूका कोर्कादेखि चिहानसम्मका सम्पूर्ण जिम्मा स्थानीय सरकारले लिने गर्दछ (Shah, 2006) । फ्रान्समा नगरपालिका वा कम्युन, विभाग र क्षेत्र गरी तीन तहको स्थानीय सरकारको व्यवस्था रहेको छ । फिनल्यान्डको स्थिति भने अन्य देशको भन्दा भिन्न रहेको पाइन्छ । त्यहाँ स्थानीय सरकारको रूपमा नगरपालिकालाई मात्र लिइएको छ र यसको स्वायत्ततालाई संविधानले नै रक्षा गरेको छ । इटालीमा नगरपालिका वा कम्युन, प्रान्त र क्षेत्र गरी स्थानीय तहमा ३ ओटा सरकार रहेका छन् । यी सबै तह सञ्चालन गर्नको लागि संवैधानिक रूपमा संयुक्त व्यवस्थापन प्रणालीको व्यवस्था गरिएको देखिन्छ ।

विकसित एकात्मक देश जापानको स्थितिलाई विश्लेषण गर्ने हो भने त्यहाँ केन्द्र, प्रिफेक्चर (Prefecture) र नगरपालिका (३००) गरी सरकारका तीनओटा तहहरू रहेका पाइन्छन् । जापानमा केन्द्र सरकारले स्थानीय तहको लागि सरकारको ६० देखि ७० प्रतिशत बजेट उनीहरूलाई अनुदानको रूपमा दिने व्यवस्था रहेको छ (कँडेल, २०६५) । यो मुलुकमा केन्द्र सरकार व्यक्तिगत आयकरमा, क्षेत्र सरकार व्यवसाय करमा र नगरपालिका सम्पति करमा निर्भर रहेका देखिन्छन् ।

विश्वका विकसित राष्ट्रहरूमा जस्तै विकासशील राष्ट्रहरूमा पनि स्थानीय सरकारको स्वरूप र यसको भूमिकामा विविधता रहेको देखिन्छ । विकासशील तथा संघात्मक देश भारतमा १ अर्बभन्दा बढी मानिसहरू बसोबास गर्दछन् । यहाँ २८ ओटा राज्य, सातओटा केन्द्र शासित प्रदेश र करिब १० लाख स्थानीय सरकारहरू रहेका छन् । १० लाख स्थानीय सरकार मध्ये करिब ३००० नगरपालिका पर्दछन् । भारतमा स्थानीय सरकार पनि जिल्ला पञ्चायत, तालुक पञ्चायत र गाउँ पञ्चायत गरी तीन ओटा तहमा रहेका छन् (Bagchi, 2001 र कँडेल, २०६५) । यो मूलुकमा स्थानीय तहको राजस्व राज्य वित्तीय आयोगले निर्धारण गर्ने प्रावधान रहेको छ । इथियोपियामा सरकारका ४ ओटा तह छन्, जस्तै : ११ क्षेत्र, ६६ अञ्चल, ५५० वरेडा (नेपालको साविक गा.वि.स. जस्तै) र ६ ओटा विशेष वरेडा आदि । संवैधानिक रूपमा सरकारका चाराओटा तह भए तापनि व्यावहारिक रूपमा जम्मा दुई तह मात्र रहेका देखिन्छन् (Keller, 2002) । नाइजेरियामा संघीय, राज्य र स्थानीय गरी सरकारका ३ तह रहेका छन् । त्यहाँ राज्यको सङ्ख्या ३६ र स्थानीय सरकारको सङ्ख्या ७७४ रहेको छ (Adedokun, 2006 ) । यसैगरी भारतमा स्थानीय तहहरूलाई सहरी स्थानीय निकायहरू, ग्रामीण स्थानीय निकायहरू र परम्परागत स्थानीय निकायहरू गरी वर्गीकरण गरिएको पनि देखिन्छ (Local Bodies at a Glance, 2023) । नेपालको

अवस्था पनि प्रायः यस्तै प्रकृतिको रहेको छ ।

विकासशील राष्ट्र मलेसियामा संघीय सरकार, राज्य सरकार र स्थानीय सरकार गरी सरकारका तीनओटा तहहरू रहेका छन् । दक्षिण अफ्रिकामा सन् १९९६ को संविधान निर्माण भएपछि सरकारका तीनओटा तहको व्यवस्था गरिएको छ । तिनमा : केन्द्र (१ एउटा), क्षेत्र (९ ओटा) र स्थानीय (२८४ ओटा) आदि पर्दछन् (Yemek, 2005) । विकासशील एकात्मक शासनव्यवस्था भएको देश चीनमा केन्द्र, क्षेत्र, नगरपालिका र विशेष प्रशासनिक क्षेत्र गरी सरकारका चार तह रहेका छन् । त्यस्तै त्यहाँ ४ प्रकारका स्थानीय सरकार रहेका छन्, जस्तै : Provincial Level Government, Prefecture Level Govern ment, Country Level Government/Township Level Government (Shah, 2006 p.137-138) । त्यसैगरी बङ्गलादेश, ब्रिटेन, थाइल्यान्ड, मलेसिया, फिलिपिन्स, पोल्यान्ड, ब्राजिल, युगान्डा, इन्डोनेसिया, काजाकास्थान, अर्जेन्टिना, चिली तथा नेपाललगायतका मुलुकहरूमा पनि स्थानीय वा नगरपालिका सरकारको स्वरूपमा विविधता देखिन्छ । ब्रिटेनमा Metropolis र Non- metropolis गरी स्थानीय सरकारका दुई तहहरू रहेका छन् । बङ्गलादेशमा २ प्रकारका स्थानीय सरकार रहेका छन् । यहाँ Paura (Municipal Corporation) / Paurashavas (Municipalities) । थाइल्याण्डमा Municipality, Sanitary District, Provincial Administration Organization, Tambon Administration Organization / Special Cities गरी पाँचओटा स्थानीय सरकारका स्वरूपहरू रहेका छन् । मलेसियामा संघीय सरकार, राज्य सरकार र स्थानीय सरकार गरी सरकारका तीनओटा तहहरू रहेका देखिन्छन् । फिलिपिन्समा राष्ट्रिय सरकार र स्थानीय सरकार गरी सरकारका २ ओटा तहहरू रहेका छन् । यस मुलुकमा स्थानीय तहका ४ ओटा संरचना रहेका छन् । तिनमा Provinces, Municipalities, Barangays र Grass Root Units पर्दछन् । त्यसैगरी ब्राजिलमा सरकारका ३ ओटा तह रहेका छन्, जस्तै : केन्द्रीय सरकार (संघीय सरकार), राज्य सरकार र स्थानीय सरकार वा नगरपालिका सरकार आदि । युगान्डामा जिल्ला (District), सहरी परिषद् (City Council) र नगरपालिका (Municipality) गरी सरकारका ३ तह रहेका देखिन्छन् (Shah, 2006, p. 98) । Indonesia मा Central, Provincial Level, District Level, Urban Municipality / Villages Level आदि सरकारका तहहरू रहेका पाइन्छन् (Shah, 2006, p. 235) । यसरी हेर्दा स्थानीय तहको संरचनामा एकरुपता देखिदैन् ।

विकासोन्मुख राष्ट्र Kazakhastan मा सरकारका तीन तहहरू रहेका छन्, जस्तै : Federal, National र Local वा Communal Level (Shah, 2006, p. 275) । उच्च सहरीकरण भएको मुलुक Argentina मा ३ प्रकारका सरकारहरू रहेका देखिन्छन् । ती हुन् Provinces, Municipalities र Communes आदि । यस मुलुकमा Municipalities र Communes भनेका स्थानीय तहका महत्त्वपूर्ण सरकारका स्वरूपहरू हुन् (Shah, 2006, p. 348-350) । त्यसैगरी विकासोन्मुख राष्ट्र Chile औपचारिक रूपमा १२ ओटा क्षेत्र, १ ओटा महानगरपालिका, ५१ ओटा प्रान्त र ३४५ ओटा नगरपालिकाहरूमा विभाजित छ । महानगरपालिका र नगरपालिकालाई यस मुलुकका महत्त्वपूर्ण स्थानीय सरकारको रूपमा लिइएको छ ।

नेपालमा संविधानसभामार्फत नेपालको संविधान २०७२ कार्यान्वयनमा आएको छ । यससँगै सरकारको संरचनामा पनि परिवर्तन भएको छ । संघ, सातओटा प्रदेश, ७५३ ओटा स्थानीय तह बनेका छन् । वर्तमानमा नेपाल सातओटा प्रदेश, ७७ ओटा जिल्ला, ६ ओटा महानगरपालिका, ११ ओटा उपमहानगरपालिका, ४६० ओटा गाउँपालिका र २७६ ओटा नगरपालिकामा विभाजन भएको छ । यी स्थानीय तहहरूमा कुल ६,७४३ ओटा वडा रहेका छन् । यी स्थानीय तहहरूका छुट्टाछुट्टै राजस्व सिर्जना र राजस्व व्यवस्थापनसँग सम्बन्धित अधिकार क्षेत्रहरू सवैधानिक रूपमा तोकिएको छ ।

समग्रमा यी सबै तथ्यहरूलाई विश्लेषण गर्दा हरेक देशले आआफनो नीतिअनुसार स्थानीय तहको संरचना निर्धारण गरेको देखिन्छ । देशले अँगालेको नीतिले नै स्थानीय तहको सङ्ख्या किटानी गरेको पाइन्छ । देश भौगोलिक रूपमा सानो होस् वा ठूलो यसले स्थानीय तहको स्वरूप वा संरचना निर्धारण नगरी देशको आवश्यकता, राज्यले अवलम्बन गरेको नीति, स्रोतसाधन र जनसङ्ख्या आदिलाई मूल आधार बनाएको देखिन्छ ।

## अन्तराष्ट्रिय स्तरमा स्थानीय तहको आयस्रोत र नेपालको अवस्था

विकसित एकात्मक देश डेनमार्क पूर्ण रूपमा विकेन्द्रीकरणको नीति अवलम्बन गरेको मुलुक हो । यहाँ दुई प्रकारका (नगरपालिका र काउन्टी) स्थानीय सरकार रहेका छन् । संवैधानिक रूपमा नै यहाँका स्थानीय निकायहरूलाई जिम्वेवारी प्रदान गरिएको छ । वर्तमानमा त्यहाँ नगरपालिकाको सङ्ख्या १००० बाट २७५ मा र काउन्टीको सङ्ख्या २५ बाट १४ मा झारिएको छ । नगरपालिकाको मुख्य आयस्रोतमा व्यक्तिगत आय कर, भूमि कर, सम्पति कर, स्थिर सम्पत्ति कर (करको

आधार सम्पति भाडाबाट आउने रकम), केन्द्रबाट विशेष अनुदान, सामान्य अनुदान आदि पर्दछन् । स्थानीय आय करको दर निर्धारण गर्ने पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । डेनमार्कमा स्थानीय आय करले कर राजस्वको करिब ९३ प्रतिशत हिस्सा ओगटेको छ । यस मुलुकमा आय कर केन्द्रले उठाई स्थानीय निकायलाई दिने गर्दछ (कँडेल, २०६५) । स्थानीय निकायहरूले सबल खालका स्थानीय निकायहरूबाट पनि अनुदान रकम प्राप्त गर्न सक्ने प्रावधान रहेको छ ।

जापान पनि विकसित एकात्मक राज्यसत्ता भएको देश नै हो । यहाँको स्थानीय सरकार एवम् नगरपालिकाको मुख्य आयस्रोतमा आय कर, सम्पति कर, व्यवसाय कर, मूल्यअभिवृद्धि कर, संस्थागत आय कर, केन्द्रबाट आउने अनुदान, ऋण आदि पर्दछन् । केन्द्रीय सरकारको हकमा आयको मुख्य स्रोत व्यक्तिगत आय कर हो तर अहिले VAT ले यसको स्थान लिएको छ । VAT केन्द्रले ५ प्रतिशत उठाउँदछ र ४ प्रतिशत आफूले राखी १ प्रतिशत तल्लो निकायमा बाँढ्दछ । स्थानीय निकाय/नगरपालिकाको मुख्य आयस्रोत व्यवसाय कर र सम्पति कर नै हो । जापानमा ६० देखि ७० प्रतिशत केन्द्र सरकारको बजेट स्थानीय तहको लागि अनुदान दिने व्यवस्था रहेको पाइन्छ (कँडेल, २०६५ पृ. १४३) । अनुदानबाट पनि स्थानीय निकायहरू चल्न नसकेका अवस्थामा स्थानीय निकायले ऋणपत्र जारी गर्न सक्ने प्रावधान रहेको छ ।

एकात्मक शासनव्यवस्था भएको देश फिनल्यान्डको अवस्थालाई विश्लेषण गर्ने हो भने स्थानीय सरकारका रूपमा नगरपालिका मात्र रहेका छन् । यस मुलुकका नगरपालिकाको मुख्य आयस्रोतमा व्यक्तिगत एवम् संस्थागत आय कर, सम्पति कर, कुकुर कर, अनुदान रकम, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरबाट प्राप्त हुने ऋण रकम आदि पर्दछन् । संस्थागत आय कर केन्द्रले उठाउँदछ र संसदले स्थानीय निकायलाई वितरण गर्दछ । कतिपय स्थानीय करहरू केन्द्रले नै उठाइदिने प्रावधान रहेको छ । ठूलाठूला परियोजनाहरू सञ्चालन गर्न विशेष खालको अनुदान नगरपालिकालाई प्राप्त हुने गर्दछ (कँडेल, २०६५) । यस परिप्रेक्ष्यमा नेपालमा भने मिश्रित प्रकृतिको व्यवस्था रहेको छ ।

फ्रान्स पनि एकात्मक शासनसत्ता भएको मुलुकमा पर्दछ । यहाँका स्थानीय निकाय (नगरपालिका) का महत्त्वपूर्ण आय स्रोतहरूमा आवास कर, व्यवसाय कर, फोहोर व्यवस्थापन कर, विद्युत कर, यातयात कर, सम्पति हस्तान्तरण कर, सवारी साधन कर, ऋण र अनुदान आदि पर्दछन् । पूँजीगत लगानीको लागि स्थानीय निकायलाई ऋण उठाउन पाउने अधिकार रहेको छ । यहाँ उल्लेखित मुलुकहरूजस्तै गरी इटली पनि एक हो । यस देशमा तीन प्रकारका (नगरपालिका, प्रान्त र क्षेत्र) स्थानीय निकायहरू रहेका छन् । यिनीहरूको मुख्य आयस्रोत आय कर, सम्पति कर, सवारी साधन कर, विज्ञापन कर र होडिङबोर्ड कर, बिजुली उपभोगव ापत थप कर, सार्वजनिक जमिन उपभोग कर, फोहोर व्यवस्थापन कर, सामान्य लगानी कोष र राष्ट्रिय विशेष कोषबाट प्राप्त अनुदान, ऋण आदि पर्दछन् । पूँजीगत कार्यमा लगानी गर्नको लागि मात्र ऋण उठाउन पाउने अधिकार स्थानीय निकायलाई दिइएको छ (कँडेल, २०६५ पृ. १३८-१३९) । नेपालमा पनि लगभग यस्तै अवस्था रहेको देखिन्छ ।

विकसित एकात्मक देश नेदरल्यान्डमा दुई तहका (नगरपालिका र प्रान्त) स्थानीय निकायहरू रहेका छन् । यिनले कुनै पनि कार्य गर्दा स्थानीय तह र केन्द्रबिच सरसल्लाह र आपसी समझदारी आवश्यक पर्दछ । नगरपालिकाको मुख्य आयस्रोत स्थीर सम्पति कर (Real Estata Tax) हो । यस किसिमको कर मालिक र मोहीले सम्पतिको मूल्यको आधारमा तिर्ने गर्दछन् । आयका अन्य स्रोतहरूमा पर्यटक कर, गैरबासिन्दा कर (दुईओटा घर हुनेलाई), कुकुर लाइसेन्स कर, ढल निकास कर, सामान्य अनुदान (आफ्नो दायित्व पूरा गर्न) र विशेष अनुदान (संयुक्त दायित्व पूरा गर्न) तथा ऋण ( पूँजीगत लगानी गर्न) आदि पर्दछन् (कँडेल, २०६५) । स्थानीय तहको कामको लागि लागत बढ्ने बित्तिकै केन्द्रद्वारा प्राप्त हुने अनुदान रकम बढाउने प्रावधान नेदरल्यान्डमा रहेको पाइन्छ ।

स्विडेनको स्थितिलाई हेर्ने हो भने अन्य मुलुकको अवस्थाभन्दा केही फरक रहेको देखिन्छ । नगरपालिकाको मूल आयस्रोतमा स्थानीय आय कर रहेको छ । यसको मूल आधार व्यक्तिगत आय र पेन्सन नै हो । आय करले राजस्वको ९८ प्रतिशत र कुल राजस्वको ५८ प्रतिशत ओगटेको देखिन्छ । समानताको सिद्धान्तको आधारमा अनुदान दिने व्यवस्था रहेको छ (कँडेल, २०६५) । स्विडेनका नगरपालिकामा देखिने अन्य मुलुकमा पाइनेभन्दा फरकपन के हो भने त्यहाँ जुनसुकै व्यवसाय सञ्चालन गरे पनि व्यवसाय कर नलाग्ने प्रावधान रहेको पाइन्छ ।

विकासशील एकात्मक देश चीनमा ४ तहका स्थानीय सरकार रहेका भए तापनि तिनीहरू सबैलाई केन्द्रबाट नै रकम निकासा भएर जाने व्यवस्था विद्यमान छ । हरेक तहको मातहतमा त्यसभन्दा तलका तहहरू (प्रान्त-प्रिफेक्चर-काउन्टी (बलियो निकाय) नगरपालिका रहने गर्दछन् । विगत्मा चीनमा राजस्वको सम्बन्धमा ठेक्का प्रणाली लागू भए पनि अहिले त्यो व्यवस्था छैन । सन् १९९४ अघि राजस्वलाई बजेटरी र गैरबजेटरी गरी दुई भागमा बाँडिएको थियो । बजेटरी राजस्वबाट केन्द्रलाई रकम दिने गरिन्थ्यो भने गैरबजेटरी राजस्वबाट उठेको रकम सबै स्थानीय तहले राख्ने प्रावधान थियो । यस

व्यवस्थाले बजेटरी राजस्वमा चुहावट निम्त्यायो र पुनः १९९४ मा चीनमा कर प्रणालीमा व्यापक सुधार गरियो । यसअनुसार अरू सबै अधिकार केन्द्रले राखी VAT को २५ प्रतिशत, व्यवसाय कर (बैंक, रेलरोड र बीमा कम्पनीमा लाग्नेबाहेक) स्थानीय संस्थाहरूमा लगाइएको आय कर, व्यक्तिगत आय कर तथा अन्य साना करहरू स्थानीय निकायमा हस्तान्तरण गरियो । यसबाहेक चीनमा स्थानीय निकायले समानीकरण सिद्धान्तअनुसार अनुदान प्राप्त गर्ने व्यवस्था रहेको देखिन्छ । कानुनी रूपमा स्थानीय निकायले आफ्नो बढ्दो खर्च परिपूर्ति गर्न ऋण उठाउन पाउने व्यवस्था चीनमा अद्यापि प्रचलनमा देखिँदैन (कँडेल, २०६५ र Rao, 2001) । यो प्रावधान देसपिच्छे फरकफरक रहेको पाइन्छ ।

एकात्मक व्यवस्था अवलम्बन गरेका विकसित एवम् विकासशील मुलुकहरूमा जस्तै संघात्मक व्यवस्था अँगालेका विकसित एवम् विकासशील मुलुकहरूका स्थानीय निकाय वा नगरपालिकाका आयका स्रोतहरू र यसका आधारहरूमा पनि एकरूपता नभई विविधता नै देखिएको छ । अमेरिकामा संविधानले केन्द्र र राज्यलाई मात्र सरकारका तह मानेको छ तर व्यवहारमा विभिन्न स्थानीय तहहरू (काउन्टी, नगरपालिका, विद्यालय जिल्ला र विषेश जिल्ला) विद्यमान छन् । कर उठाउने अधिकांश अधिकार केन्द्रमा राखिएको भए तापनि केही अधिकार राज्य र स्थानीय तहमा पनि दिइएको छ । केन्द्र र राज्य दुवै मूलतः व्यक्तिगत र संस्थागत आय कर, बिक्री कर, प्रयोग कर, पुर्ख्यौली सम्पति हस्तान्तरण कर र सम्पति कर आदिमा निर्भर रहेका छन् भने स्थानीय सरकारहरू मूलतः स्थानीय सम्पति करमा भर परेका देखिन्छन् । कतिपय राज्यहरूले तल्लो तहलाई बिक्री कर उठाउने अधिकार पनि दिएका छन् । केन्द्रले राज्य र स्थानीय सरकारलाई अनुदान, ऋण र कर अनुदान (Tax Subsidy) दिने व्यवस्था छ । केन्द्रले दिने अनुदानको करिब एक चौथाई आय पूँजीगत परियोजनामा खर्च गर्नुपर्ने प्रावधान छ । राज्यले नगरपालिकालाई दिने अनुदानको ठूलो भाग विद्यालयमा जाने गर्दछ । अन्य मुलुकहरूको भन्दा अमेरिकाको फरकपन के छ भने कतिपय नगरपालिकाहरूले आफ्नो पूरै कामको जिम्मा राज्यलाई दिन सक्ने प्रावधानसमेत रहेको देखिन्छ (कँडेल, २०६५) । कर तोक्ने र करको दर निर्धारण गर्ने प्रावधान अमेरिकाका प्रत्येक राज्यमा फरकफरक रहेको छ ।

स्पेनमा तीनओटा स्थानीय तह (नगरपालिका, प्रान्त र स्वायत्त प्रदेश) रहेका छन् । यिनको आय स्रोतमा व्यक्तिगत आयकर, सम्पति कर, चन्दा कर, पुर्ख्यौली सम्पति कर, सवारी साधन कर, इन्धन कर, व्यवसाय कर आदि पर्दछन् । करको दर निर्धारणको सम्बन्धमा केन्द्रले तोकेको दरमा २० प्रतिशत तलमाथि गर्न पाउने अधिकार यिनीहरूलाई रहेको छ । स्पेनमा नगरपालिकाको लागि ३ ओटा अनिवार्य र २ ओटा ऐच्छिक करहरू दिइएका छन् । प्रथम स्थानमा सम्पति कर पर्दछ । यसले नगरपालिकाको झन्डै आधा राजस्व ओगटेको छ (कँडेल, २०६५) । यहाँ केन्द्रले तोकेको निर्देशनमा रहेर करको दर आफैले निर्धारण गर्न सक्ने प्रावधान पनि रहेको छ ।

विश्वमा अति नै सम्पन्न राष्ट्र स्विटजरल्यान्ड हो । त्यहाँ ३००० ओटा नगरपालिकाहरू रहेका छन् । यहाँको अर्थव्यवस्थालाई हेर्दा मुख्य आयस्रोतमा आय कर, सम्पति कर, सेवाशुल्क, कुकुर कर, मनोरञ्जन कर, खेल कर आदि पर्दछन् । केन्द्र, क्यान्टन र नगरपालिका सबैलाई कर लगाउने अधिकार उपलब्ध छ । केन्द्रको जिम्मामा रहेको बाहेक जुनसुकै कर लगाउन पनि क्यान्टन स्वतन्त्र छन् । यसबाहेक स्थानीय निकायले क्यान्टनले कायम गरेका आय र सम्पतिमा कर लगाउन पाउने प्रावधान देखिन्छ । केन्द्रीय सरकार स्थानीय तहमा जानको लागि क्यान्टन भएर जानुपर्दछ भने स्थानीय तह क्यान्टन भएर नै जानुपर्दछ । आयकर पूरै बसोबासको ठाउँको आधारमा र सम्पति कर सम्पति भएको ठाउँको आधारमा लगाउने प्रावधान छ (कँडेल, २०६५ पृ. १४७-१४८) । यस प्रकारको प्रावधान मुलुकपिच्छे फरकफरक रहन गएको देखिन्छ ।

विकासशील राष्ट्र भारतले पनि संघात्मक राज्य व्यवस्था अँगालेको छ । यहाँ १० लाख स्थानीय सरकारमध्ये ३ हजार नगरपालिकाहरू रहेका छन् । भारतमा व्यक्तिगत र संस्थागत आय कर, भन्सार, अन्तशुल्क, सेवा शुल्क र VAT केन्द्रले उठाउने गर्दछ भने मालपोत, कृषि आय कर, सम्पति कर, स्ट्याम्प ड्यूटी, रजिस्ट्रेशन शुल्क, VAT, मादक पदार्थमा लाग्ने अन्तशुल्क, सवारी साधन शुल्क, सामान ढुवानी कर राज्य सरकारले उठाउने गर्दछ । स्थानीय तहको राजस्व राज्य वित्तीय आयोगले निर्धारण गर्दछ । राज्य वित्तीय आयोगले दिएको निर्देशन पालना गरी स्थानीय निकायले कर लगाउने र यसको दर निर्धारण गर्ने, शुल्क लगाउने, अनुदान एवम् ऋण लिन सक्ने व्यवस्था रहेको छ (कँडेल, २०६५) । भारतमा यो व्यवस्था राज्यअनुसार फरकफरक रहेको छ । भारतका नगरपालिकाहरूको आयस्रोत र नेपालका नगरपालिकाको आयस्रोत करिब करिब उस्तै उस्तै रहेको देखिन्छ ।

संघात्मक राज्य नाइजेरियामा ७७४ ओटा स्थानीय सरकार रहेका छन् । यसको आयस्रोतमा पसल कर, मदिरा लाइसेन्स दस्तुर, बधशाला कर, जन्म तथा अन्य दर्ता शुल्क, मोटर पार्क शुल्क, घरपालुवा पशु लाइसेन्स शुल्क, सवारी साधन कर, पशु कर, मनोरञ्जन कर, रेडियो टेलिभिजन लाइसेन्स दस्तुर, गाडी लाइसेन्स दस्तुर, गलत पार्किङ महसुल, सार्वजनिक

ट्वाइलेट शुल्क, दाहसंस्कार भूमि स्वीकृत कर, धार्मिक स्थल स्थापना कर र होडिङबोर्ड शुल्क आदि पर्दछन् (कँडेल, २०६५) । यसबाहेक स्थानीय सरकारले अनुदान र ऋणस्वरूप पनि आय प्राप्त गर्न सक्ने व्यवस्था रहेको पाइन्छ ।

दक्षिण अफ्रिका पनि संघात्मक राज्य व्यवस्था अँगालेको विकासशील देश हो । यहाँ तीन प्रकारका स्थानीय तहहरू रहेका छन् । यस देशमा व्यक्तिगत आय कर, संस्थागत आय कर, VAT, अन्तशुल्क, इन्धन शुल्क आदि सबै केन्द्रीय सरकारले उठाउने गर्दछ । स्थानीय सरकारहरूलाई थोरै मात्र करका स्रोतहरू दिइएको छ । केन्द्रले उठाएको रकम तल्लो निकायलाई बाँडफाँड गर्ने व्यवस्था गरिएको छ । नगरपालिकाहरूले ऋणसमेत लिन पाउने व्यवस्था दक्षिण अफ्रिकामा रहेको छ । कुल राजस्व उठ्तीमा ८९ प्रतिशत केन्द्रमा, ५ प्रतिशत क्षेत्रमा र ६ प्रतिशत स्थानीय तहमा जाने गर्दछ । यसैगरी दक्षिण अफ्रिकामा कुल चालु खर्चमा ५७ प्रतिशत केन्द्र, ३७ प्रतिशत क्षेत्र र ५ प्रतिशत स्थानीय तहको योगदान छ भने कुल विकास खर्चमा केन्द्रमा ६५ प्रतिशत, क्षेत्रमा २९ प्रतिशत र स्थानीय तहमा ६ प्रतिशत रहेको देखिन्छ (कँडेल, २०६५ र Yemek, 2005) । यसै गरी नेपालको सन्दर्भमा विश्लेषण गर्दा स्थानीय तहको खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास तथा स्थानीय सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यभार पनि स्थानीय तहलाई दिएको छ । यसको व्यवस्थापनको लागि स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सम्पति र घरबहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर, दण्ड जरिवानालगायतका राजस्व सङ्कलनको अधिकार पाउने गरी संविधानले नै तोकेको छ । त्यस्तै स्थानीय पूर्वाधार तथा सेवामा निर्धारण र सङ्कलन तथा व्यवस्थापन, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र राफ्टिङ्ग शुल्क, स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन, राजस्व सूचना तथा तथ्याङ्कको आदानप्रदान, राजस्व नियन्त्रणसम्बन्धी नीति, कानुनी मापदण्ड निर्धारण र नियन्त्रणका कामहरू पनि स्थानीय तहबाटै हुने व्यवस्था गरिएको छ (नेपाल सरकार, २०७२) ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५५ देखि ६२ सम्म नेपालका स्थानीय तहअन्तर्गत गाउँपालिका र नगरपालिकाहरूले उठाउन पाउने कर र शुल्कको बारेमा उल्लेख गरिएको छ । यी स्रोतहरूमा एकीकृत सम्पति कर र घर जग्गा कर, भूमिकर/मालपोत, घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौली शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा अन्य सेवा शुल्क आदि पर्दछन् (श्रेष्ठ, २०७४) । यसबाहेक अन्य विकसित एवम् विकासोन्मुख राष्ट्रहरूका स्थानीय तहहरूको आयस्रोतको अवस्था पनि प्रायः यस्तै यस्तै प्रकृतिको रहेको पाइन्छ ।

## निष्कर्ष

विश्वव्यापी रूपमा नगरपालिकाको आकारप्रकार, स्वरूपसंरचना एवम् भूमिका देशअनुकूल फरकफरक रहेको पाइन्छ । एउटै देशभित्रका विभिन्न राज्यहरूमा पनि यसको भूमिका एवम् स्वरूपसंरचनामा विविधता देखिएको छ । केन्द्र सरकार, क्षेत्र सरकार वा राज्य सरकार र स्थानीय तह वा नगरपालिकाहरूको आयस्रोतमा पनि एकरूपता देखिँदैन् । तापनि आय कर, सम्पति कर, व्यवसाय कर तथा अन्य सेवाशुल्क नै आयका मुख्य स्रोतका रूपमा स्थापित भएको पाइन्छन् । स्थानीय तहमा आर्थिक सुशासन र समुचित विकास गर्ने ध्येयले पुरानो संरचना विस्थापन गरेर नयाँ संरचना ल्याउनु मात्र आफैमा कायापलट हुने नभई नीति, विधि र पद्धतिअनुरूप काम गर्न सक्नुपर्दछ । तसर्थ हरेक तहको शासन व्यवस्थापन तथा सञ्चालनसम्बन्धी परिपाटीका बारेमा जनतालाई सुसूचित गरी अभिमुखीकरण गर्न अत्यावश्यक छ । नेपालको परिवर्तित सन्दर्भमा पनि केन्द्र सरकार आयकरमा, प्रदेश सरकार व्यवसाय करमा र स्थानीय तह वा नगरपालिका व्यवसाय कर, बहाल कर तथा सम्पति करमा निर्भर रहने नीतिगत व्यवस्था मिलाउन र भएका स्रोतसाधनको समुचित उपयोग गर्न आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

कँडेल, पुष्पराज (२०६५), *भावी नेपालमा वित्तीय संघीयता : सिद्धान्त, अवधारणा र खाका,* स्वशासन अध्ययन प्रतिष्ठान ।

जधारी, अनिता (वैशाख ८, २०७४), *स्थानीय तहको संरचना तथा काम, कर्तव्य र अधिकार,* विचार विशेष समाचार (https://onlinemajdoor.com/?p=4172) ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* नेपाल सरकार कानुन तथा न्याय मन्त्रालय ।

श्रेष्ठ, नारायण (२०७४), *स्थानीय सरकार सञ्चालन ऐन २०७४,* पैरवी प्रकाशन ।

Adedokun, A. A. (2006). *Local government tax mobilization and utilization in Nigeria: Problems and prospects*. n.p.

Bagchi, A. (2007). Combating corruption in state and local revenue administration. In Anwar Shah (Ed.), *Local budgeting* (pp 105-128). The World Bank.

Bahl, R. &.Linn, J. F. (1992). *Urban public finance in developing countries*. Oxford University Press.

Batle, J., Kenneth, A. & Kriz, B. M. (2011). *Local government revenue structure: Trends and challenges.* Retrieved from https://doi.org/10.1108/JPBAFM-23-02-2011-B005

Benton, J. E. (*2024*). *Revenue sources of local governments: Persisting challenges and emerging opportunities*. Retrieved from https://doi.org/10.4324/9781032640389

Bird, R. (1993). Threading the fiscal labyrinth: Some issues in fiscal decentralization. *National Tax Journal.* Retrieved from https://doi.org/10.1086/NTJ41789011

Kandel, P. R. (2008). *Bhabi Nepalma bittiya sanghiyata*. Swoshasan Adhayan Pratisthan.

Khadka, R. (2002). *Municipal finance in Nepal with special reference to taxation.* Centre for Study and Research on Good Governance (CEGG-Nepal).

Local Bodies at a Glance (2023). Retrieved from https://localbodydata.com/.

Nallathiga, R. (2012). *The system of local government finance: A study of select countries.* Retrieved from https://elicit.com/notebook/7bf3c5ce-8768-4f8f-8454-5ad8865b6b99#18240392c5b86b90996cf20a87247e34

Rao, G. (2001). Challenges of fiscal decentralization in transitional countries. *Andrew Young School of Policy Studies Working Paper* 01-7, April 2001.

Ralte, L. & Lalhriatpuii (2024). Decomposing revenue sources of municipalities. *EPRA International Journal of Multidisciplinary Rresearch*. Retrieveved from https://doi.org/10.36713/epra16159

Shah, A. (2006). A comparative institutional framework for responsive, responsible, and accountable local governance. In Anwar Shah (Ed.), *Local governance in industrial countries (pp.1-40)*. The World Bank.

Shah, A. (Ed.). (2005). *Fiscal management*. The World Bank.

Shah, A. & Shah, S. (2006). The new vision of local governance and the evolving roles of local governments. In Anwar Shah with Sana Shah (Eds.), *Local governance in developing countries (pp.1-46).* The World Bank.

Shah, A. (2007). *The practice of fiscal federalism: comparative perspective*. Mc Gill Quans University Press.

Shah, A. (ed.) (2006). *Local governance in developing countries*. The World Bank.

Silwal, S. (2055). Baglung nagarpalikaka aayeka shambhabana. *Nagar Darpan, Journal* 1, 2055, pp.50-54.

Silwal, S. (1998). *Municipality finance in Nepal*: A case study of Baglung municipality. Unpublished Masters Degree Dissertation, CEDECON, Tribhuvan University.

Silwal, S. (2062). *Baglung municipality: present situation and its challenges.* An annual publication of Tribhuvan University Teacher's Association, Campus Unit Committee, Mahendra Multiple Campus, Baglung) 5(5): 107-110.

Yemek, E. (2005). *Understanding fiscal decentralization in South Africa.* Retrieved from http://www.idasa.org.za.

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

**Authors' Bio-notes**

Sudarshan Silwal is an Associate Professor of Economics, at Tribhuvan University, Nepal. He has got PhD in Local finance. His area of study is municipal finance and development studies.